नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# तराई-मधेश समृद्धि कार्यक्रम

केन्द्रीय समन्वय एकाई

सिंहदरबार, काठमाडौं
नेपाल ।

**तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ बमोजिम आयोजना/कार्यक्रम माग/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

*(तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को अनुसूची-१ बमोजिम तराई-मधेश समृद्धि कार्यक्रम लागू भएका तराई-मधेशका २२ जिल्लाका २७८ स्थानीय तहहरुको लागि)*

*सूचना प्रकाशित मितिः२०८२/११/२५*

तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ अनुसार आगामी आ.व. २०८३/०८४ को लागि कार्यविधिमा तोकिएको शर्त र मापदण्ड भित्र रही *(कार्यविधि तपसिलमा उल्लेखित वेबसाइटमा हेर्न सकिने छ)*। आयोजना/कार्यक्रम सञ्चालन गर्न इच्छुक तराई-मधेश क्षेत्रका स्थानीय तहबाट कार्यविधिको दफा-५ मा उल्लेखित लागत सहभागिता व्यहोर्ने गरी कार्यविधिको दफा ७(२) मा तोकिए बमोजिमका क्षेत्र (क) साना सडक स्तरोन्नत्ति (ख) सामाजिक पूर्वाधार (ग) कृषि विकास (घ) खानेपानी तथा सरसफाई (ङ) सिँचाइ तथा नदी नियन्त्रण (च) उर्जा मा निर्दिष्ट विवरण र शर्तानुसार आयोजना/कार्यक्रम सञ्चालन गर्नका लागि अनुसूची-२ मा उल्लेखित आयोजना/कार्यक्रम माग फारम सहितको **कार्यविधिको दफा ७ (४) बमोजिम एउटा स्थानीय तहले अधिकतम ३ (तीन) वटा आयोजना/कार्यक्रम (प्राथमिकिकरण गरेर)** तपसिलमा उल्लेखित आयोजना/माग प्रस्तावका आधारहरुमा आधारित रही २०८२ चैत्र ३० गते सम्म तराई-मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय एकाईको वेबसाइटमा रहेको रिपोर्टिङ सफ्टवेयर (**wppms.tmpp.mofaga.gov.np**) मा प्रविष्टि गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. आयोजना सञ्चालन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्टयाई।
२. आयोजनाको कुल लागत मध्ये स्थानीय तहले व्यहोर्ने लागत सहभागिता र स्रोतको विवरण।
३. लागत साझेदारी गर्ने प्रतिवद्धता सहितको गाउँपालिका/नगरपालिकाको आधिकारीक पत्र।
४. आयोजनाको ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको कार्यक्रमको विस्तृत परियोजना प्रतिवेदन ।
५. भवन निर्माणको हकमा जग्गाको उपलब्धता सुनिश्चित भएको प्रमाण।
६. आयोजना छनौटको सन्दर्भमा कार्यपालिका वा सभाले गरेको निर्णयको प्रतिलिपि ।

***द्रष्टव्य :*** *चालु आ.व ०८२/८३ मा कार्यक्रम स्वीकृत भई कार्यान्वयनमा रहेका स्थानीय तहहरुले माग/प्रस्ताव पेश गर्दा कार्यान्वयनको प्रगति अनिवार्य रुपमा संलग्न राखी पेश गर्नु पर्ने छ ।*

***थप जानकारीका लागि सम्पर्क :***

शाखा अधिकृतः मोहन प्रसाद निरौला (९८४९०२३६४८), शाखा अधिकृतः रेवत बहादुर बुढाथोकी (९८६००१२५६४)

***वेबसाइट : tmpp.mofaga.gov.np / mofaga.gov.np,*** ***वेब पोर्टल : https://wppms.tmpp.mofaga.gov.np***

२०८२/११/२५

.........................
(टीकाराज उपाध्याय)
कार्यक्रम निर्देशक

'व्यावसायिक र सिर्जनशील प्रशासन विकास, समृद्धि र सुशासन'

फोन नं.०१-४२०००८, ४२००११४, ४२०००३८ Email : mofaga.tmpp@gmail.com Web : tmpp.mofaga.gov.np